४५८

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ २३ गते ०१० साल [संख्या ४६

## भाग २

## अर्थमन्त्रालयको सूचना

सुना चाँदीको र ज्याहारात जडान भएको माल निकाशी गर्नै सवाल

उपरोक्त विषयमा देहायबमोजिमको सवाल २०१०।२।५ मा सदर भई आएकोले सूचना गरिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

(१) सुनाचाँदीको र ज्वाहारात जडान भएको मालमा देहायबमोजिम निकाशी महसूल लिने ।

| | कंरु | मोरु |
|---|---|---|
| सुन तोला १ के — — | १० | १२।५० |
| चाँदी तोला १०० के— — | १० | १२।५० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६००

(२) हाम्रो एक जिल्लाबाट अर्को जिल्लामा लैजाने सुन चाँदीको र ज्वाहारात जडान भएको मालमा महसूल नलिने तर देहायको नियमबमोजिम गर्नें :–

(क) निकाशी गर्नें जिल्लाका बजार भन्सार अड्डाले मालधनीको सरहदभित्रकै फलाना भन्सार बजार इलाकामा जाने भन्ने खुलाई कागज गराई दरबन्दीबमोजिमको महसूल धरौटी लिई सो कागतको १ प्रति नक्कलमा निस्सा लगाई सो र धरौटी रसोदसमेत लिमे दिने ।

(ख) सो माल लगिने जिल्लाका भन्सार बजारमा सो निस्सा लागेको कागज रसिद र सोबमोजिमको मालसमेत २ महिनाभित्र लगी जचाई निस्सा लिने दिने गर्नुपर्छ । अड्डाबाट निस्सा दिंदा हाकिम साक्षीको समेत सहिछाप गर्नु गराउनुपर्छ ।

(ग) सोबमोजिम जाँची निस्सा लगाई दिएको कागत धरौटी राखेको मितिले ६ महिनाभित्र धरौटी रहेको अड्डामा पेश गरी धरौटी राखेको रुपैयाँ फिर्ता लिने दिने गर्नुपर्छ ।

(घ) दफा (ख)मा लेखिएको म्यादभित्र जचाउन सकेको निस्सा ल्याउन नसकेकोमा र दफा ( ग ) बमोजिमको म्यादभित्र फिर्ता लिन नआएमा समेत धरौटी फिर्ता हुँदैन । धरौटी रहेको अड्डाले म्याद नाघ्नासाथ सदर स्याहामा आम्दानी बाँध्ने ।

(३) अवधिभित्र फर्काई ल्याउने गरी विदेशतर्फ लैजानेमा पनि दरबन्दीबमोजिम लाग्ने महसूल डबल धरौट लिई मात्र लान दिने । फर्काई ल्याउने अवधिका हकमा ६ महिनाभित्र जले ल्याए पनि हुने । सो म्यादभित्र फर्काई ल्याएमा माल जाँची धरौटी फिर्ता खर्च लेखिदिने । सो म्यादभित्र फर्काई नल्याएमा धरौटी फिर्ता नदिई म्याद नाघ्नासाथ सदर स्याहा गर्नें ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८



(४) सुनाचाँदीको र ज्वाहारात जडको मालगहना कसैलाई व्यापारी तवरले न
भई निजायती तवरले विशेष कारण परी विदेश लान परेमा श्री ५ महाराजा
धिराजबाट इजाजत बक्सेकोमा बाहेक अरुमा कारण खोली अर्थ (आय
विभागमा दरखास्त दिने र उक्त विभागले मुनासीब बेमुनासिब ठहरा
परामर्शदातृसभामा साधी लैजान पाउने इजाजत दिएमा दरबन्दीबमो
जिम लाग्ने महसूल तिरी लैजान पाउँछ।

(५) सुन चाँदीको र त्यस्तोमा ज्वाहारात जडान भएको, जिउमा लगाई आएको
एकसरो गहनासम्म र चाँदीको चलनको एकसरो भाँडा छाड्नेमा नय
नियम भई नआएसम्म हाल भइरहेको बमोजिम मानिसको औकात हेर
भन्सारका तजबीजले छाडिदिने गर्ने।

(६) पुरानु टकको मोहर कम्पनी र सुना चाँदीको सील साफला टुक्रा निकाश
गर्न नदिने नयाँ मोहर (चिनो भएको २००५ सालको र त्यसपछिको
नयाँ कम्पनी (गहिरी घेरा भएको १९.४० सन्को र त्यसपछिको ) न
सुका पचन्नी २००५ सालको र त्यसपछि ) निकाशी गर्न दिने। था
नपाई पुरानो मोहर कम्पनी पचन्नी सुकीहरु ल्याएमा जनही रु. ५० सम
कमिशन नलिई र सोभन्दा बढी ल्याएमा शयकडा १० कमिशन, वि
भन्सार भन्सारको मौजदातबाट टहो गरी दिने।

(७) सुनाचाँदीको क्यूरियोको मालको हकमा २४। ७।०६ मा परामर्शद
सभाबाट निर्णय भै लेखी आइरहेबमोजिम गर्ने।

(८) (क) दफा २ को रीत नपुऱ्याई लगेको पक्राउ भएमा बिगो जफ
गरी बिगोबमोजिम दण्ड गर्ने।

(ख) दफा ३।४।५।६ को रीत नपुऱ्याई सुन चाँदी ज्वाहा
विदेश लैजान लागेको पक्राउ भएमा बनाहै माल नि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प्रसू) (६०२)